नेपाल सरकार
गृह मन्त्रालय
**नेपाल प्रहरी प्रधान कार्यालय**
**केन्द्रीय अनुसन्धान ब्यूरो**
(प्रशासन शाखा)

फोन: ०१-४५११७७६
मोबाईल नं.: ९८५१२८३१४०
फ्याक्स: ०१-४५१४३९१

पो.ब.नं.४०७
महाराजगञ्ज, काठमाडौँ

# प्रेस विज्ञप्ती -९७

## "भिजिट भिषामा दुबई पठाई ठगी गर्ने समूह पक्राउ"

भिजिट भिषामा नेपालबाट दुबई पठाई ठगी गर्ने दुबई स्थित रहेको 'TRINETRA MANAGEMENT CONSULTANCIES LLC को संचालक कोमलराज उपाध्याय समेतको गिरोहले Arms guard मा ५०० जनाको Vacancy भएको, मासिक तलब ३ हजार दिराम सम्म पाउने बैदेशिक रोजगारमा लगाई दिने, सो वापत जनही रु.३,५०,०००।- देखि रु.८,००,०००।- ( अक्षेरुपी तीन लाख पचास हजार देखि आठ लाख रुपैंया सम्म ) खर्च लाग्ने भनि Face book, Whats app जस्ता सामाजिक संजालको पेजमा मोबाईल नम्बर राखी जान चाहने व्यक्तिले सम्पर्क राख्नु होला भन्ने जस्ता भ्रमात्मक विज्ञापन राखी आकर्षक तलब, सेवा सुविधाको प्रलोभन देखाई नेपाल प्रहरी, सशस्त्र प्रहरी बल र नेपाली सेनाबाट जागिर छोडी बसेका र सर्वसाधारणहरु व्यक्तिहरुलाई विभिन्न मितिमा भिजिट भिषामा कोमलराज उपाध्याय समेतको समूहले दुबईमा पुऱ्याई ९० दिन भित्र काममा लगाई दिन्छु भनि विश्वासमा पारी काममा नलगाई बिचल्लि बनाई फरार भएकोमा नेपाल सरकार, श्रम मन्त्रालय, गृह मन्त्रालय, नेपाल प्रहरी तथा नेपाल र दुबई स्थित बिभिन्न संस्थाहरुको सहयोग तथा सहकार्यमा पीडित व्यक्तिहरु नेपाल फिर्ता भई हालसम्म ७६ जना पीडितहरुले रु.२,४३,३६,८१०।- (अक्षेरुपी दुई करोड त्रिचालिस लाख छत्तिस हजार आठ सय दश रुपैंया ) रकम ठगी भएको भनि लिखित जाहेरी दरखास्त पर्न आएकोले उक्त समूहका निम्न उल्लेखित व्यक्तिहरुलाई सर्लाही, रुपन्देही र काठमाण्डौं जिल्लाको बिभिन्न स्थानबाट बिभिन्न मितिमा पक्राउ गरी मुलुकी अपराध संहिता, २०७४ को दफा २४९ (ठगी,आपराधिक विश्वासघात तथा आपराधिक लाभ सम्बन्धी कसूर) मा सम्मानित अदालतबाट म्याद लिई अनुसन्धान भईरहेको व्यहोरा जानकारीको लागी अनुरोध गरिएको छ।

साथै, यस कसूरसँग सम्बन्धित थप पीडितहरु भएमा यथाशिघ्र यस केन्द्रीय अनुसन्धान ब्यूरो महाराजगंजमा सम्पर्क राख्नु हुन समेत जानकारीको लागि अनुरोध गरिएको छ।

**पक्राउ व्यक्तिहरुको विवरण :**

१) नामथर: मधुबिलास बास्कोटा
उमेर: ४७ बर्ष
ठेगाना: जि.लम्जुङ राईनास न.पा.वडा न. ३ ।
पक्राउ मिति:- २०७९/०२/१२ गते।
पक्राउ स्थान: नयाँबसपार्क, काठमाण्डौ ।
भुमिका: बैदेशिक रोजगारमा जाने व्यक्तिको खोजि गर्ने र आर्थिक व्यवस्थापन गर्ने, सो वापत कमिसन लिने।



२) नामथर: होम बहादुर खड्का
उमेर: ५४ बर्ष
ठेगाना: जि.सोलुखुम्बु दुधकुण्ड न.पा. वडा नं.८।
पक्राउ मिति:- २०७९/०२/१३ गते।
पक्राउ स्थान: कोटेश्वर, काठमाण्डौ।
भुमिका: पीडितहरुको कागजात संकलन गर्ने र Interview को लागि तयारी गराउने तथा बैदेशिक रोजगारमा जाने व्यक्तिको खोजी गर्ने मध्ये मूख्य योजनाकार।



३) नाम थर : रंजना ढकाल प्याकुरेल
उमेर:- ३५ बर्ष
वतन: का.जि. कागेश्वरी मनोहरा न.पा.वडा नं.०७ , काठमाण्डौं।
पक्राउ मिति:- २०७९/०२/१४ गते ।
पक्राउ स्थान:- जि.सर्लाही।
भुमिका:निजले पीडितहरुलाई आफ्नो बैंक खातामा रकम जम्मा गर्न लगाई आर्थिक कारोबार सम्बन्धी मुख्य भुमिका निर्वाह गर्ने।



४) नाम थर : राजु भन्ने खुम बहादुर बस्याल
उमेर:-३० बर्ष
वतन: जिल्ला रुपन्देही, देवदह न.पा.वडा नं.५ ।
पक्राउ मिति:- २०७९/०२/१५ गते ।
पक्राउ स्थान:- जि.रुपन्देही ।
भुमिका:- बैदेशिक रोजगारमा जाने व्यक्तिको खोजि गर्नुको साथै सो कार्यबाट कमिसन लिने।



५) नाम थर : सन्तोष प्याकुरेल
उमेर:-४० बर्ष
वतन: का.जि.कागेश्वरी मनोहरा न.पा.वडा नं.७ टाउन प्लानिङ।
पक्राउ मिति:- २०७९/०२/१६ गते ।
पक्राउ स्थान:- का.जि.कागेश्वरी मनोहरा न.पा.वडा नं.७ टाउन प्लानिङ ।
भुमिका:- बैदेशिक रोजगारमा जाने व्यक्तिको खोजि गर्नुको साथै सो कार्यबाट कमिसन लिने।



मिति: २०७९/०२/१६ गते।

उपनिर्देशक
( कमल थापा )
प्रहरी उपरीक्षक
प्रवक्ता एवं सूचना अधिकारी
सम्पर्क नम्बर ९८५१२८१३३४